# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, जेठ ३ गते २०५८ साल (अतिरिक्ताङ्क १०

## भाग ३

### न्याय परिषद् सचिवालयको सूचना

न्याय परिषद् सचिवालयले ललितपुर जिल्ला अदालतका तत्कालीन जिल्ला न्यायाधीश हाल दोलखा जिल्ला अदालतको जिल्ला न्यायाधीश पदमा पदाधिकार रही सर्वोच्च अदालतमा काजमा रहनु भएका श्री गोपालप्रसाद गुरागाईंले पद अनुसारको आचरण नगरेको भन्ने समेत व्यहोराको प्रतिवेदन प्राप्त हुन आएको आधारमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) र न्याय परिषद् ऐन, २०४७ को दफा ४क. को उपदफा (४) को प्रयोजनको लागि उक्त प्रतिवेदन समेतको सम्बन्धमा जांचबुझ गरी बढीमा १ (एक) महिना भित्र राय सहितको प्रतिवेदन पेश गर्न सोही ऐनको दफा ६ बमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा एक सदस्यीय जांचबुझ समिति गठन गरेकोले यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,<br>
काशीराज दाहाल<br>
सचिव न्याय परिषद्

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।